




## मटेलीमा परिषदको जनसभा

# आविप स-साना राज्यको हिमायतीः केन्द्रिय अध्यक्ष दामोर

**मालबजार,२० दिसम्बर (निसं)** : सानो-सानो राज्य भएमा देशको विकास सम्भव छ, यसर्थ म स-सानो राज्यको हिमायती हूँ - उक्त मन्तव्य आज मटेली हाई स्कूल मैदानमा आयोजित अखिल भारतीय आदिवासी विकास परिषदको जनचेतना कार्यक्रममा पत्रकारहरूसँग कुराकारी गर्दै केन्द्रिय अध्यक्ष सोमजी भाई दामोरले गरेका हुन्। तिनले अझ भने-हामी गोर्खाल्याण्ड राज्यको विरोधी होइनौं। तर गोर्खाल्याण्ड राज्यमा डुवर्स र तराईलाई सम्मलित गर्छ भने हामी त्यसको विरोध गर्नेछौं। किनकी यो भू-भाग हाम्रो हो। यदि गोर्खाहरूले अलग राज्यको माग गर्छ भने, डुवर्स र तराईलाई हामी छैटौं अनुसूचिमा अन्तर्भुक्ति गर्नुपर्ने माग राख्छौं ।

आज मटेली हाई स्कूल मैदानमा अखिल भारतीय आदिवासी विकास परिषदको एउटा विराट जनचेतना जनसभा सम्पन्न भयो। उक्त सभामा मुख्य अतिथिको रुपमा सोमजी भाई दामोर,राज्य अध्यक्ष बिरसा तिर्की, डुवर्स -तराई रिजनल कमिटीको अध्यक्ष जोन बारला,सचिव राजेश लाकड़ा,राज्य सचिव तेजकुमार टोप्पो,



जनसभालाई सम्बोधन गर्दै आविपको केन्द्रिय अध्यक्ष सोमजी भाई दामोर।

आदिको उपस्थिति रहेको थियो। सम्बोधनको क्रममा सचिव राजेश लाकड़ाले आविपले १८ महिनाको यस आन्दोलनमा प्राप्त गरेको उपलब्धीहरू बारे सर्वसाधारणलाई ज्ञात गराए। तिनले चाँडै डुवर्स र तराईमा छैटौं अनुसूचिमा अन्तर्भुक्ति गर्नुपर्ने माग लिएर आन्दोलन गर्ने घोषणा गरे। गोर्खाल्याण्ड मुद्दा लिएर भोलि सम्पन्न हुने त्रिपक्षीय वार्तामा डुवर्स-तराईलाई सम्मलित गर्ने कुनै संकेत पाए, वृहत आन्दोलन गर्ने चेताउनी पनि दिए। यसबाहेक उनले सरकारले चाँडै नै आदिवासीहरूलाई जमिनको पट्टा दिनुपर्ने पनि माग राखे। सम्बोधनकै क्रममा मटेली आञ्चलिक कमिटीका अध्यक्ष राभा डाङगाले बताए- पश्चिम बंगालमा शिक्षा व्यवस्था ठीक छैन। जबसम्म यहाँको शिक्षा व्यवस्था ठीक हुँदैन तबसम्म देशले कहिले उन्नति गर्ने छैन। हाम्रो देश स्वाधीनता भएको आज ६३ साल बिती सक्दा पनि यहाँ को शिक्षा व्यवस्थामा कुनै सुधार आएको छैन भने । आज जनसभाको पूवार्द्धमा केन्द्रिय अध्यक्ष सोमजी भाई दामोरले बीर विरसा मुण्डाको प्रतिकृतिमाथि माल्यार्पण गरेर कार्यक्रम को शुरुवात गरिएको थियो। मटेली आञ्चलिक कमिटीको सचिव गणेश चिक बडाइक ले सञ्चालन गरेको कार्य क्रममा आविप को डुवर्स तराईका लगभग पाँच हजार जति समर्थकहरूको उपस्थिति रहेको थियो भने जनसभा लाई मध्यनजर गरेर प्रशासनले कड़ा सुरक्षा व्यावस्था अप्नाएको थियो।

# वार्तामा डुवर्स-तराईको अन्तभुर्क्तिबारे ठोस पहल गर्नुपर्छः जनसंघर्ष मोर्चा

**मालबजार,२० दिसम्बर (निसं)** : भोलि दार्जीलिङ्मा सम्पन्न हुन गइरहेको चौथो त्रिपक्षीय वार्ताले डुवर्स र तराई क्षेत्रमा बसोबास गर्ने जनताको निम्ति सकारात्मक हुनुपर्ने साथै बैठकको निर्णात्यमक पहलले अहिलेसम्म डुवर्स तराईवासीमा भएका भ्रमलाई मेटाउनुपर्ने साथै वार्ताको शुभकामना डुवर्स जनसंघर्ष मोर्चाले दिएको छ।

जनसंघर्ष मोर्चाको तर्फबाट अजय खड़काले बताए- अझसम्म पनि प्रस्तावित गोर्खाल्याण्ड राज्यको भूभागभित्र डुवर्स र तराईको क्षेत्र अनिश्चित छ। यस अनिश्चितताले मानिसमा धेरै भ्रम पनि सिर्जना गरिरहेको छ। मानिसमा नयाँ स्फूर्ति तथा गोर्खाल्याण्ड राज्यभित्र आफ्नो भूभाग सुरक्षित रहन सक्ने ठोस पहल यस बैठकबाट डुवर्स जनसंघर्ष मोर्चाले अपेक्षा पनि राखेको छ । डुवर्स र तराईलाई लिएर मानिसमा जुन विवाद र आशंका उठिरहेको छ, यसलाई निमिट्यान्न बनाउन केवल वार्ताको निर्णयले मात्र गर्न सक्ने मन्तव्य पनि उनले गरेका छन्।

भोलिको त्रिपक्षीय वार्ताले डुवर्स र तराईको अन्तभूर्क्ति सुनिश्चित हुनुपर्ने, साथै जनताले चाहे अनुरूप परिणाम हुनुपर्ने साथै गोर्खाल्याण्ड राज्य निर्माणको निम्ति यस वार्ता कोसे ढुंगा सावित हुने अपेक्षा राखेको छ। जनसंघर्ष मोर्चाले गोर्खाल्याण्ड राज्यभित्र रहेका सबै सम्प्रदायमा सम्प्रीति तथा सबैलाई समेटेर नै यस वार्ताले निर्णय लिनुपर्नेछ। जसले कुनै पनि जाति तथा सम्प्रदाय उपेक्षित नबनेर सबैमा सन्तुष्टता प्रदान गर्न सक्नुपर्ने मन्तव्य गरेका छन्। हाल डुवर्स र तराई सन्दर्भमा मानिसहरूमा जुन भ्रम र विवाद छ त्यस समस्याको समाधान गर्न हेतु वार्तामा उपस्थित मोर्चाका प्रतिनीधि हरूले एकवद्ध तथा ताथ्यिक बयानहरू पेश गर्नुपर्नेछ। उनले मोर्चाका प्रतिनीधिहरूलाई शुभकामना व्यक्त गर्दै यस वार्ताद्वारा ठोस र फलप्रद निर्णय हुनसकोस् भन्ने आशा व्यक्त गरेका छन्।

# बाग्राकोटमा वार्ता सफलताको कामनमा ऱ्याली

**मालबजार,२० दिसम्बर (निसं)** : भोलि २१ दिसम्बर दार्जीलिङ्मा सम्पन्न हुने त्रिपक्षीय वार्ताको सफलताको कामना गर्दै आज अपरान्ह बाग्राकोट चुनाभट्टी स्थित गोर्खा जनमुक्ति मोर्चाका समर्थकहरूको व्यापक सहभागितामा एउटा विराट ऱ्याली निकालियो। बाग्राकोट २७ नम्बर समष्ठि कन्भेनर रतन सुब्बा, पश्चिम डुवर्स कन्भेनर विनोद घतानी, गोम्बे तामाङ सचिव,नारी मोर्चा मालती सुनार ट्रेड युनियनका सचिव सरोज छेत्री , अल्पसंख्यक सम्प्रदायका पक्षबाट गोपाल गुप्त तथा युवा मोर्चा र विद्यार्थी मोर्चाको व्यापक समर्थकहरूको उपस्थिति रहेका थिए। दिउँसो निकालिएको उक्त ऱ्यालीले चौथो चरणको त्रिपक्षीय वार्तामा गोर्खाल्याण्डको ठोस निर्णय हुनुपर्ने साथै चाँड़ै गोर्खाल्याण्ड राज्य निर्माणको प्रक्रिया शुरू हुनुपर्ने माग गरेका छन्। यस ऱ्याली चुनाभट्टीबाट शुरू भएर बाग्राकोट फ्याक्ट्री क्षेत्रको परिक्रमा गरे। जसमा मोर्चाको लगभग पाँच सय जति समर्थकहरूको उपस्थिति रहेको थियो। ऱ्यालीमा गोर्खाल्याण्डको माग संवैधानिक रहेको र यसलाई यथाशीघ्र केन्द्र र राज्य सरकारले स्वीकृति दिनुपर्ने विषयमा प्ले कार्ड, ब्यानरहरू लिएको थियो। गोर्खाल्याण्डबारे केन्द्र र राज्य सरकारले यहाँको यथाताथ्यिक विषयलाई राम्ररी मनन गरेर गोर्खाल्याण्डबारे न्यायोचित पहल गरिनुपर्ने पनि माग गरेका छन् भनी अल डुवर्स कोर कमिटीका सदस्य सबित लामाले जनाएका छन्।

# बंगालमा आदिवासी र नेपाली जाति शोषित छन्ः आविप

**मालबजार,२० दिसम्बर (निसं)** : डुवर्सको विकास , शान्ति र सद्भावनाको निम्ति गत दिनमा जुन प्रकारले मोर्चा र आविपको बैठक भयो, त्यही प्रकारले आगामी दिनमा गोर्खाल्याण्डको मागमा नाम परिवर्तन गरेर आविपसित बैठक गरे आविपले सहभागिता दिने सम्भावना छ। यसको निम्ति हामी आविपको राज्य र रिजनल कमिटीसँग सर-सल्लाह गरेर समर्थन जुटाउन सक्ने सम्भावना अखिल भारतीय आदिवासी विकास परिषदको नगरकट्टा अञ्चलिक कमिटीको सल्लाहकार गणेश एक्काले प्रकट गरेका छन् ।तिनले अझ भने पश्चिम बंगाल राज्यमा आदिवासी र नेपाली जाति नै शोषित छ। यी दुइ जाति बसोबास गर्ने इलाकाहरूमा अहिले पनि स्वास्थ्य केन्द्र, पिउने पानी, बिजुलीको समस्या रहेको छ। यहाँ कै चियाकमानहरूमा अहिले पनि इण्डस्ट्रीयल अनुसार बिजुली बीलहरू काटी रहेको छ। चियाकमानमा काम गर्ने श्रमिकहरूको न त आफ्नो घर छ, न त कुनै गाड़ी-घोड़ा नै छ। तर पनि तिनीहरू नै किन एपीएल तालिका सामेल छ। हामीसित सरकारी नियम अनुसार एपीएल मानिने वस्तुहरू नहुँदा पनि हामी एपीएलमा छौं। तर किन हामीले बीपीएल पाएको छैनौं भनी प्रश्न राखे। गोर्खा र आदिवासी दाजू-भाई हौं। हामीले एउटै आमाको दुध खाएर ठूलो भएको सन्तानहरू हो। यदि हामी एउटै आमाको सन्तान नै अलग भए हामीलाई नै हानि हुनेछ भनी विफय केरकेट्टाले बताए। तिनले अझ भने-केही सालदेखि बंगलादेशबाट आएका नागरिकहरूले यहाँ राशन काड,भोट कार्ड,बीपीएल तालिकामा नाम, नोकरी पाइरहेको छ । तर हामी दुई सय वर्षदेखि बसोवास गर्ने आदिवासी र नेपालीहरूले केही पनि पाएको छैन भनी प्रश्न राखे। यसैकारण यी दुई जातिले विकास चाहन्छ भने एक हुन अनिवार्य छ भने।

# गोर्खाल्याण्ड गठन हुनैपर्छः नारी मोर्चा

**चमर्ची,२० दिसम्बर (निसं)** : तराई र डुवर्सको नारी मोर्चाले विशेष रूपले भाग लिई रहेको छ। डुवर्सको केन्द्रिय कमिटी सदस्य श्रीमती सरस्वती प्रधानको वक्तव्य गोर्खा जातिको इतिहासमा गोर्खासँग भारतको निम्ति इमान्दारी रहेको छ। भारतको सीमाको रक्षा गर्ने जाति प्रति कहिले न्याय भएको छैन, गोर्खालाई केन्द्र सरकारले न्याय गर्नुपर्छ। हामी भारतदेखि अलग हुन चाहेको होइन भारत भित्र नै हाम्रो चिह्नारी हुनुपर्छ । गोर्खा जनमुक्ति नारी मोर्चा र अध्यक्ष विमल गुरूङ , श्रीमती आशा गुरूङको नेतृत्वमा गोर्खाल्याडको निम्ति अघि बढ़ी रहेने छ। डुवर्स कोर्डिनेशन कमिटि सदस्य सुमन प्रधानले दार्जीलिङ तराई डुवर्स मिलाई गोर्खाल्याडको राज्य गठन चाँडै हुनुपर्छ ।यहि केन्द्र सरकारले गोर्खाको हित चाहन्छ भने, गोर्खालाई न्याय गर्छ भने गोर्खाल्याड राज्य दिनुपर्छ । डुवर्स को -अर्डिनेशन कमिटी सदस्य रञ्जिता छेत्रीले हाम्रो भाषाको कुनै उपयोग भएको छैन हाम्रो संस्कृति र भाषा विलुप्त भएर गएको छ त्यसकारण अलग राज्य हुनुपर्छ ।

डुवर्सको कोर्डिनेशन कमिटि सदस्य रवि गुरूङले बंगालमा गोर्खा जातिको कुनै अस्तित्व नै छैन, भारत स्वतन्त्र भएर पनि हामी अवहेलित भएर बस्नु परेको छ । कमिटीका सदस्य आशा गुरूङको नेतृत्व रिले अनशनमा बस्यो। गत १४ दिसम्बरदेखि शुरू गरिएको यस अनशनमा आज डुवर्स- तराई कालेबुङ, दार्जीलिङ, खरसाङ का नारी मोर्चा सदस्यहरू बस्यो।

# गोरूबथानमा प्रेस क्लब गठन

**गोरूबथान, २० दिसम्बर (निसं)**: अन्य शहरी क्षेत्रमाभन्दा ग्रामीण क्षेत्रमा पत्रकारिता गर्नु धेरै समस्याहरू छन्। भौगोलिक समस्या, सम्पर्क समस्या मात्र होइन तर समाचार लेखन, प्रकाशन र प्रसारणमा समेत नकारात्मक आदेशहरू, स्वतन्त्ररूपमा समाचार प्रकाशन र प्रसारणहरूद्वारा परोक्ष-प्रत्यक्ष अड़चनहरूबारे गोरूबथानका पत्रकारहरूले आज लामो अनि स्वास्थ्य आलोचना गरे। विभिन्न प्रकारको नकारात्मक दबाउ, यो समाचार लेख देखाउ, त्यो समाचार नलेख-नदेखाउ जस्ता आदेशसम्म आउन थालेकोले पत्रकारहरूले चौथो स्तम्भको रूपमा कार्य गर्न नपाएको, स्वतन्त्रता हराइसकेको विषयमा सभामा पत्रकारहरूले गुनासो पोखे। च्यानल कन्सेटोका संस्थापक तथा समाचार सम्पादक श्याम थापाको अध्यक्षतामा उक्त सभा यहाँको कम्यूनिटी हलमा सम्पन्न भएको थियो। हिमालय दर्पणका अम्बियोक सम्वाददाता रूस्तम शर्माद्वारा सञ्चालित उक्त सभाको संयोजन आजभोलिका सम्वाददाता लेनिन राईले गरे।

प्रेस मीडियालाई देशको चौथो स्तम्भको दर्जा दिइए पनि गोरूबथान अनि डुवर्स क्षेत्रमा आफ्नो अधिकार बचाउन नै हम्मे परेको यहाँको भुक्तभोगी पत्रकाहरूले संगठित भएर रहने बाध्यता व्यक्त गरे ।

फलस्वरूप गोरूबथान प्रेस क्लब नामक संगठन तयार गरियो । उक्त संगठनको एउटा तदर्थ कमिटी गठन गरिएको छ। उक्त कमिटीका अध्यक्ष रुद्र कार्की (हिमालय दर्पण), उपाध्यक्ष श्याम थापा (च्यानल कन्सेटो), सचिव तरूण राई (सुनाखरी), सह-सचिव लेनिन राई (आजभोलि) र कोषाध्यक्ष रूस्तम शर्मा (हिमालय दर्पण), कार्यकारी सदस्यमा दिनेश तामाङ (हिमालय दर्पण), योगेश राई (केटीभी),रिपन गौतम (सुनाखरी), विशाल परियार (हिमालय दर्पण), विधान सिंह र नुरी शेर्पा (च्यानल कन्सेटो)-लाई चयन गरियो।

उक्त समिति तीन महीनाको निम्ति अस्तित्वमा रहने छ। यही समितिले संविधानको खेस्रा, पञ्जीकरण, जिल्ला, राज्य, राष्ट्रिय प्रेस क्लबहरूसितको एफिलिएशनबारे कार्य गर्नेछ।

आगामी ९ जनवरीमा पुनः अर्को सभामा प्रेस क्लबले आफ्नो पहिलो कार्यक्रम आयोजनलाई अन्तिम रूप दिनेछ। सभालाई श्याम थापा, तरूण राई, योगेश राई, विशाल परियार, लेनिन राई, दिनेश तामाङ अदिले सम्बोधन गरे।

# त्रिपक्षीय वार्ताबारे पक्ष र प्रतिपक्षीको आ-आफ्नै अड़ान

**चमर्ची,२० दिसम्बर (निसं)** : डुवर्समा पृथक राज्य गोर्खाल्याण्ड मुद्दामा विरोधाभासले गर्दा डुवर्सवासी धेरै आतङ्कित रहेका छन्। दार्जीलिङ्मा भोलि सम्पन्न भइरहेको त्रिपक्षीय वार्ताको विरोधमा समतलमा आमरा बंगाली एवम् बंगला औ बंगला भाषा बचाऊद्वारा सोमबार बन्द डाकेका छन्। त्यही त्रिपक्षीय वार्तामा डुवर्सको पनि मुद्धा उठाएकोले गोजमुमो समर्थकहरू धेरै उत्साहित छ। डुवर्समा यी दिनहरू राजनैतिक पार्टीहरूको झण्डा छोड़ेर जनमुक्ति मोर्चा र परिषदको झण्डा र ब्यानर लगाइएको छ। एकातर्फ गोर्खा जनमुक्ति मोर्चाले गोर्खाल्याण्ड मानचित्रमा डुवर्स - तराईलाई सामेल गराउने विषयलाई विपक्षीहरूले घोर-प्रतिवाद जनाइरहेका छन्। एकातिर गोर्खाल्याण्डको विरोधलाई लिएर डुवर्स तराईमा समर्थक एवम् विरोधिहरूका स्थितिदेखि डुवर्सवासी धेरै चिन्तित् बनेका छन्। डुवर्सवासीको भनाई अनुसार इलाकामा शान्ति विकास चाहिन्छ की हिसंक घटना घटाउनु पर्ने हो। आविप डुवर्स रिजनल ईकाईको अध्यक्ष जोन बारला अनुसार- डुवर्स तराईको भूमि आदिवासीहरूको हो। हाम्रा पूर्खाहरूद्वारा बनाइएको भूभाग हो। आदिवासीहरूले यस भू-भागलाई कुनै पनि स्थितिमा गोर्खाल्याण्डमा सामिल हुन दिइनेछैन। यता गोजमुमोको डुवर्स शाखाका संयोजक मधुकर थापाको पृथक राज्यलाई लिएर यहाँ जुन प्रकारको विरोधाभास छ। तर हाम्रो माग संवैधानिक भएकोले गोर्खाल्याण्ड गठन हुनपर्नेछ। उनले अझ बताए- जुन भूभागलाई लिएर पृथक राज्यको माग गरिरहेका छौं त्यहीं बंगालका क्षेत्र नै होइन। यसमा बंगाल विभाजनको प्रश्न नै उठ्दैन। उनले बताए- पृथक राज्यको गठनले डुवर्सको सबै सम्प्रदायलाई बंगालको दासत्वबाट मुक्ति दिलाउने सक्नेछ। डुवर्स तराईको गोर्खाल्याण्ड राज्यमा सामेल गरिने मांग एवम् विरोधका एउटा डुवर्सवासी आतङ्कित बनेका छन्।

# राज्यका संयुक्त सचिव गोरूबथानमा

**गोरूबथान , २० दिसम्बर (रुद्र कार्की)**: २१ दिसम्बरमा दार्जीलिङमा सम्पन्न हुने त्रिपक्षीय वार्तामा अंशग्रहण गर्न केन्द्रिय गृह सचिव जी.के पिल्लईसित राज्यका मुख्य सचिव र गृह सचिव आज दार्जीलिङ आए। अर्कोतर्फ पश्चिम बंगाल राज्यका सीमा क्षेत्र विकास परिकल्पका संयुक्त राज्य सचिव सेनगुप्त आज गोरूबथानको परिभ्रमणमा यहाँ आए। भूटानसित सिमाना टाँसिएको गोरूबथान खण्डको अचानक भ्रमणले स्थानीय नागरिकमा कौतुहल जगाएको छ । आज सशस्त्र सीमा बल (एसएसबी)-को ४७ औं वर्षगाँठ पनि हो भने यस खण्डको भारत-भूटान सिमानामा एसएसबी जवानहरू पनि तैनाथ गरिएको छ। तसर्थ भोलि दार्जीलिङमा त्रिपक्षीय बैठक, आज नै एसएसबीको स्थापना दिवस र यसै दिन सीमा क्षेत्र विकास प्रकल्पका संयुक्त सचिवको परिभ्रमण परिबन्द हो वा योजना छुट्याउन सकेका छैनन् गोरूबथान खण्डवासीले। तर सेनगुप्तको यस अचानक परिभ्रमणलाई रूटिन इन्सपेक्शन हो भनी बताए गोरूबथान खण्ड विकास अधिकारी शिशिर लेप्चाले। उनले पत्रकारहरूलाई भने, यो उनको रूटिन इन्सपेक्शन हो। बीएडीपी अन्तर्गत पुरानो समाप्त भएको विकास योजनाहरूको परिदर्शन र खोज लिइएको लेप्चाले बताए। परिभ्रमणकालमा नयाँ कुनै परियोजनालाई स्वीकृति दिए ? भनी पत्रकारहरूले जान्न चाहँदा लेप्चाले भने, अहिले विकास ठप्प छ र नयाँ योजनाबारे कुनै पहल भएन। संयुक्त सचिव साँझ नै जलपाइगढ़ी प्रस्थान गरेको लेप्चाले बताए।

# वार्ताको सफलताको कामना गर्दै मध्य डुवर्समा पूजा

**बीरपाड़ा २० दिसम्बर (निसं)** : भोलि २१ दिसम्बर दार्जीलिङ्मा सम्पन्न हुने त्रिपक्षीय वार्तामा गोर्खाल्याण्ड मार्ग खुल्ला हुनुपर्ने साथै वार्ता सफलताको कामना गर्दै बीरपाड़ा न्यू लाइन प्रशाखा र बड़ा हाउदा प्रशाखाले छुट्टा छुट्टै रुपमा होम यज्ञ औ पूजा अर्चना गरे। न्यू लाइन प्रशाखाका नारी मोर्चाका सुनिता सिङलाङले वार्ताको अघिल्लो दिन यहाँको प्रगति क्बल मैदानमा वार्ता सफलताको कामना गर्दै द्वीप प्रज्ज्वलनका साथै गोर्खाल्याण्ड प्राप्ति यथाशीघ्र हुनुपर्ने प्रार्थना गर्दै पूजा अर्चना गरियो। जसमा प्रशाखाका रनमाया तामाङ,सुनिता डुम्जन,शिला थापा आदि लगायत व्यापक सदस्यहरू उपस्थित रहेका थिए। यसै गरी बड़ा हाउदा माणि छेवलिङ खेलिङ गुम्बामा अखिल भारतीय महायान वौद्ध म्हाणिपा संघले धार्मिक अनुष्ठान पालन गर्दै वार्ता सफलताको कामना गरे भनी नारी मोर्चाका मैचाङ लामाले जनाइन्। यसैगरी वार्ता सफलताको कामना साथै इलाकामा कुनै अप्रिय घटना नहोस् भन्ने कामना गर्दै गोजमुमो दुम्सीपाड़ा शाखाले अखिल भारतीय महायान वौद्ध सँघको तत्वावधानमा मणिकुमार प्रधानको प्राङ्गणमा प्रार्थना सभा आयोजन गरियो।

जसमा संघको पक्षबाट राम लामा,लक्ष्मण लामा अनि मोर्चा योगेश मोक्तान बाहेक अनान्यको उपस्थिति थियो। कार्यक्रममा प्रार्थना म्हाणि मह्रम गरियो। यसैगरी तुलसीपाड़ा बड़ा हाउदामा मानव सेवा समिति र प्रेम शान्ति संघले पनि प्रार्थना र भजन किर्तन गरियो। जहाँ पकज ठटाल,कुमार ठटालले सक्रियतामा भएको थियो।धुम्सी वड़ा लाइनमा सवोध र साई सेवा समितिको तत्वावधानमा प्रार्थना साथै भजन किर्तन गरियो।

# दलगाउँमा वार्षिक खेलकुद सम्पन्न

**दलगाउँ, २० दिसम्बर(निसं)**: यहाँको त्रिवेणी युनाइटेड क्लब दलगाउँको आयोजनमा वार्षिक खेलकुद धुमधामले सम्पन्न गरियो। यससितै दार्जीलिङ पुलिसद्वारा जलढाकामा खेलाइएको पुलिस-पब्लिक फ्रेण्डशीप फुटबल टुर्नामेण्टमा २८ नं० समष्टि च्याम्पियन दलगाउँ टोलीका खेलाड़ीहरूलाई क्लबको तर्फबाट सम्बर्द्धना पनि जनाइयो।

यसभन्दा अघि झण्डोत्तलन मुख्य अतिथिको नेहरू केन्द्र दार्जीलिङ को-अर्डिनेटरको आगमनमा विलम्ब भएको कारण गैरीबाँसका सह-व्यवस्थापक बी.के मोक्तानको बाहुलीबाट भयो। स्थानीय जनता मैदानमा सरकारी तथा गैर सरकारी स्कूलहरूद्वारा मार्च पास्ट गरिएपछि दिनभरि विभिन्न प्रतियोगितात्मक खेलहरू लगायत नृत्य प्रतियोगिता पनि भयो। विजयीहरूलाई आमन्त्रित अतिथिहरूको हातबाट पुरस्कार वितरण गरियो।

यस अवसरमा बी.के मोक्तान, रङ्गो उच्च विद्यालयका प्रधान अध्यापक तथा गोजमुमो केन्द्रिय सदस्य रोमा प्रसाद शर्माले सम्बोधन गरे। क्लबका मूलसचिव तारा थापाद्वारा स्वागत भाषण एवं सञ्जय थापा, जोगेश गुरुङ अनि सुदाम राईबाट उद्घोषण गरिएको यस समारोहमा सरकारी औषधि बगान रङ्गोका व्यवस्थापक एस.के माल, सह-व्यवस्थापक डा० बिद्या योञ्जन, गैरीबाँस उच्चत्तर विद्यालयका प्रधान अध्यापक टी.एन सिंह एवं अन्यान्य अतिथिहरूको महत्त्वपूर्ण उपस्थिति थियो।

# केन्ट ब्लू विजयी

**चमर्ची,२० दिसम्बर (निसं)** : चमर्ची फरेष्ट लाइन मैदानमा मन्दिर स्पोर्टिङ क्लबको आयोजनामा सम्पन्न स्व. अशोक लामा औ अर्चना संशाकर च्याम्पियनशीप क्रिकेट प्रतियोगिताको म्याचमा बिन्नागढ़ीको केन्ट ब्लू टीमले चुनाभट्टी टोलीलाई पराजित गरियो। बाह्र ओभरको म्याचमा टस जितेर पहिलो ब्याटिङ गर्दै कैन्ट ब्लूका टीमले १३३ रन संग्रह गरे त्यसको जवाबी इनिङ्गसमा चुनाभट्टी टीमले केवल नौ ओभर खेल्दै ४७ रन मात्र संग्रह गरी सबै विकेट गुमाए। कैन्ट ब्लूको कृष्णा यादवले सर्वाधिक ४३ रनको उपयोगी पारी खेलेर म्यान अफ द म्याच हत्याएका छन्। उल्लेख्यनीय छ- यस क्रिकेट प्रतियोगितामा इलाकाका २० टीमले भाग लिएका छन्।

# राशिन कार्डमा बग्रेल्तै गल्ती भएको टीएमसीको आरोप

**चमर्ची,२० दिसम्बर (निसं)** : राशिन कार्डमा भएको बग्रेल्तै गल्तीलाई यथाशीघ्र संशोधन गरिनुपर्ने माग लिएर बानरहाट तृणमूल कंग्रेस आन्दोलनरत् रहेको छ। बानरहाट तृणमूल कंग्रेसका अध्यक्ष नयन दत्ताले बताए बानरहाट चमर्ची इलाकामा राशिन कार्ड एपीएल र बीपीएलमा धेरै भूल रहेको छ। उनले अझ बताए एपीएल र बीपीएल एवम् बीपीएलका मानिसहरू एपीएलको राशिन थाप्नु परिरहेको छ। जसले गर्दा मानिसहरूले आवश्यकता अनुरूप सरकारी सुविधाहरू पाउनबाट मानिसहरू वञ्चित रहन परेको छ। बानरहाट टीएमसी नेता जमरूल होदा एवम् नयन दत्ताले बताए- यस बग्रेल्तै भूलहरूले संशोधनको मागमा आज बानरहाट इलाकाका राशिन डिलरको दोकान बन्दका निम्ति टीएमसीले प्रतिवाद जनाइयो। श्री नयन दत्ताले बताए आगामी मंगलबार टीएमसीद्वारा राशिन कार्डमा गरिएको धाँधली एवम् भूललाई संशोधन गर्ने माग लिएर फूड इन्सपेक्टरको समक्ष विक्षोभ प्रदर्शनको कार्यक्रम राखिएको छ।

# विश्वका शीर्ष तीन अर्थव्यवस्थाहरूमा सामेल हुनेछ भारत

**वाशिङ्गटन, २० नोभेम्बर (भाषा)**: वर्ष २०५० सम्म विश्वको आर्थिक संतुलनमा निकै परिवर्तन हुनेछ अनि अमेरिका तथा चीनसितै भारत पनि विश्वका तीन प्रमुख आर्थिक शक्तिहरूमा सामेल हुनेछ। उक्त विचार अमेरिकाको एउटा थिंक ट्र्यांङ्कले व्यक्त गरेको छ।

कार्नेगी अन्तर्राष्ट्रिय शान्ति न्यासका दुइ विशेषहरूले लेखेका छन्, वर्ष २००९ देखि २०५० सम्ममा ६.१९ प्रतिशतको वार्षिक वृद्धि दरको अनुमानले भारत जी २० देशहरूमा सर्वाधिक तीव्र गतिमा अघि बढ़नेछ। यसद्वारा भारतीय अर्थव्यवस्थाको क्रय शक्तिमा ९७ प्रतिशत वृद्धि हुनेछ। थिंक ट्याङ्कको अन्तर्राष्ट्रिय आर्थिक बुलेटिनको नोभेम्बर अंकमा जी- २० इन २०५० नामक एउटा लेखमा भनिएको छ, डलरको रूपमा वर्ष २०५० मा भारतको सम्पूर्ण घरेलु उत्पाद (जी.डी.पी.) वर्तमान ११ खरब डलरभन्दा १६ गुणा बढ़ेर १७८ खरब डलर हुनेछ। कार्नेगीको अन्तर्राष्ट्रिय आर्थिक कार्यक्रमका निदेशक उरी डेडुश अनि उनका सहायक बेनेट स्टेनसितले भने, विश्वको आर्थिक संतुलन नाटकीय रूपमा परिवर्त्तित भइरहेको छ। उनले लेखेका छन्, परम्परागत रूपमा वैश्विक अर्थव्यवस्थाको अगुवा रहेको अमेरिका अनि यूरोपीय देशहरूको संयुक्त आर्थिक आकार एशिया अनि ल्याटिन अमेरिकाको बढ़दो अर्थव्यवस्थाहरू समान हुनेछ। विशेषज्ञहरूले भविष्यवाणी गरेका छन्, वर्ष २०३२ सम्म चीन विश्वको सबैभन्दा ठूलो अर्थव्यवस्था बन्नेछ अनि वर्ष २०५० सम्म यसको आकार अमेरिकाको अर्थ व्यवस्थाभन्दा २० प्रतिशत अधिक हुनेछ।

आउँदो चालीस वर्षहरूमा जी-२० देशहरूमा हुने आर्थिक विकासको ६० प्रतिशत केवल ब्राजील, चीन, भारत, रूस अनि मेक्सिकोमा हुने अनुमान छ।

# रिले अनशन यथावत्



कालचिनी र मटेलीमा बसेका अनशनकारीहरू। **फोटोःदर्पण**

**मालबजार,२० दिसम्बर (निसं)** : गोर्खा जनमुक्ति मोर्चाद्वारा डुवर्सको चियाकमान खोलाउनु पर्ने मागमा साथै मोर्चा पीड़ित समुदायलाई क्षतिपूरण दिनु पर्ने मागमा शुरु गरेको रिले अनशनको आज १४९ औं दिन पुग्यो। तर पनि राज्य सरकारले डुवर्सको बन्द चियाकमान खोलाउने कुनै पहल गरेको छैन। आज मटेली थाना परिसरमा नागेश्वरी चियाकमानको सात जना विद्यार्थी मोर्चाका समर्थकहरूले भाग लिएका छन्। जसमा गौरव रनपहेली,युवराज परियार,कविता मंगर,नितिका रनपहेली,पञ्चमी मीरधा,रिपा नेवार,सीमा मालपहाड़ीया रहेका छन्।

**कालचिनीः** मोर्चाको रिले अनशनमा आज मेचपाड़ा ८ नम्बर शाखाका शिला लामा,रजिना लामा,सल्मा लामा,मिक्की लामा,राजी लामा,नेवास लामा,नीला लामा,रमिका लामाले भाग लिएका छन्।